# प्रारम्भिक कक्षा पठनसिप आधारसूचक प्रयोगमा सन्था विधिको उपयोग

उत्तरकुमार पराजुली

लेखक शैक्षिक गुणस्तर परीक्षण केन्द्रका पूर्व निर्देशक हुनुहुन्छ । यस लेखकका बारेमा थप केही कुरा बुझ्नुपरेमा निजको इमेल ठेगानामा पत्राचार गर्न सकिने छ । Email: uttarkumarparajuli@gmail.com

## लेखसार

प्रारम्भिक कक्षाहरू सिकाइका आधार कक्षा हुन् । साना कक्षामा भरखर विद्यालय आएका बालबालिकाहरूमा रुचिपूर्ण पठनसिप विकास गर्ने कामले उनीहरूको पढाइप्रतिको रुचि बढाउने र दीर्घकालमा पठन संस्कृति विकासमा योगदान पुग्छ । बालबालिकाहरूमा पढाइ सिपको विकास शिक्षकमार्फत् स्थानान्तरण हुन्छ । त्यसैले शिक्षकको स्वभाव र सिपअनुसार विद्यार्थीको सिप र स्वभावको विकास हुने गर्छ । भाषा विषयका शिक्षकले आफ्ना बालबालिकालाई शुद्ध र छिटो पढ्न सिकाउन सके बालबालिकाको बोध क्षमता राम्रो हुन्छ र उनीहरुलाई जुनसुकै विषय पढ्न बुझ्न सजिलो हुन्छ । त्यसैले बालबालिकालाई शुद्ध उच्चारण सिकाउन सन्था विधिसित शिक्षक पनि पूर्ण परिचित हुने र सोको प्रयोग गर्ने गर्नुपर्छ । यस आलेखमा शिक्षकहरूलाई सन्था विधिको प्रयोग, विद्यालयमा पठन सिपको परीक्षण र त्यसका नतिजाहरूको वारेमा उल्लेख गरिएको छ । पठन सिप विकासका लागि सञ्चालन गरिएको तालिमको प्रयोगात्मक अभ्यासलाई सुधार गर्नका लागि अनुसन्धाता एक अवलोकनकर्ता र सहजकर्ताको रूपमा रहेर तालिमका अभ्यास र तालिमको क्रममा गरिएको परीक्षणको नतिजालाई व्यवस्थित अभिलेखीकरण गरी यो आलेख तयार गरिएको छ । अध्ययनकोक्रममा बालबालिकाहरूमा पठनसिपको विकासस्तर कमजोर रहेको पाइएको छ । तालिमको क्रममा प्रयोगमा ल्याइएको सन्था विधि तथा प्रारम्भिक कक्षाको पठनसिप विकास र त्यसको परीक्षण विधिलाई व्याख्या गर्ने यो आलेखको उद्देश्य रहेको छ ।

*मुख्य शब्दहरू:* प्रारम्भिक कक्षा, आधारसूचक, सन्था, पठनगति, बोध

## पृष्ठभूमि

सन्था शब्दको अर्थ शब्दकोशहरूले भने जस्तो गुरुले विद्यार्थीलाई एक दिनका लागि दिइने पाठ गरिने काम नभएर यो त गुरुले विद्यार्थीलाई नयाँ पाठ पढ्दा शुद्ध उच्चारणसित पढ्न सिकाउने सुन्दर विधि हो । यो विधिले पढ्न सिकाएपछि मात्र विद्यार्थीलाई त्यसै गरी शुद्धसँग पढ्ने, याद गर्ने काम दिइन्छ । यहाँ नेपाली शब्दकोशमा शिक्षक शब्दको प्रयोग नगरी गुरु शब्द प्रयोग गरिनुले पनि यो सन्था शब्दको प्राचीनता झल्काउँछ र अहिलेको समयमा प्रयोग हुन छाडेको झल्को दिन्छ ।

सन्था विधिको खिइँदो प्रारूप व्रतबन्ध वा उपनयन संस्कार कर्मका बखत गरिने वेदारम्भ संस्कारका बेला देख्न सकिन्छ ।त्यस बेला वेद गुरुले आफ्ना शिष्य वा वटुकलाई आफूले वेदको पुस्तक हातमा लिएर हातसार (वेद पढ्दा गरिने हातको हाउभाउ) सित शब्दशब्द उच्चारण गर्दै शिष्यलाई पनि प्रत्येक शब्द आफैले जस्तै शुद्ध उच्चारण गर्न प्रेरित गर्दै र शुद्ध उच्चारण गर्न नसके पुनः दोहोर्‍याउने, तेहेर्‍याउने गरेर पढ्न सिकाउँछन् । यसरी सिकेको शिष्यले अर्को दिन वा तोकिएको समयमा त्यसै गरी गुरुलाई पाठ बुझाउनुपर्छ । गुरुकुल शिक्षण पद्धतिमा सन्था शब्द निकै प्रसिद्ध थियो ।

सन्थालाई अहिले परिभाषित गर्नुपर्दा गुरु वा शिक्षकले कुनै नयाँ पाठ पढाउँदा एक जना विद्यार्थीलाई आफ्नो अगाडि राखेर आफूले उच्चारण गरे जस्तै शुद्ध उच्चारण गर्न लगाई पढ्न सिकाउनु हो । सन्था समूहमा गरिँदैन । गुरुकुलमा अहिले जस्तो कक्षाको व्यवस्था नहुने बरु प्रत्येक विद्यार्थी पढाइको आआफ्नै स्तरमा हुने जस्तै कसैले क ख

पढ्ने, कसैले मात्रा, कसैले शब्द, कसैले चण्डीको सुरुवात, कसैले रुद्रि आदि हुनाले समूहमा सन्था दिने अवस्था नै हुँदैनथ्यो । यसरी सन्था अर्थात् एकल अनुपठन अङ्ग्रेजीमा भन्नुपर्दा वान टु वान फलो रिडिङ्ग गर्दा विद्यार्थीको वैयक्तिक भिन्नता र क्षमताअनुसार वर्ण, शब्द, वाक्य, छन्द, लय आदि उच्चारणमा विद्यार्थीलाई हुने समस्या थाहा हुन्छ र शिक्षकलाई त्यो समस्याको निराकरण गर्न सजिलो हुन्छ ।

बोध तथा स्मरणका सन्दर्भमा महर्षि याज्ञवल्क्य भन्छन्:शतेन गुणिता याति सहस्रेण च तिष्ठति । शतानां च सहस्रेण प्रेत चेह त तिष्ठति ।।या शि २।५।१०४

अर्थात् सय पटक पढेको कुरा सम्झदाखेरि आउँछ । हजार पटक पढेको कुरा मुखैमा बस्छ । लाख पटक पढेको कुरा त आफ्ना सन्तान शाखामा पनि सर्छ । यस श्लोकले अभ्यासलाई विशेष जोड दिएको देखिन्छ ।

यसै गरी साइकोमेट्रिक एनालाइसिसका अनुसार ७ देखि ८ वटा कुरा(आइटम) १२ सेकेन्डभित्र अवलोकन गरिएको छ भने त्यसलाई व्यवस्थित रूपले अभिव्यक्त गर्न सक्छ । (पराजुली, २०१७) यसको मतलब व्यवस्थित समझका लागि कुनै वाक्यलाई १२ सेकेन्डभित्र पढी सिद्धाएको हुनुपर्छ भनिएको हो । धेरै लामो वाक्यको अर्थ गर्न पटकपटक पढ्नपर्नु, टिभीको घुमुवा समाचारमा अलि कठिन शब्द आएको अवस्थामा पढ्दापढ्दै छुट्नुको कारण यही १२ सेकेन्डको सीमा हो । यसबारेमा बाल्याकालको अनुभव यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनसक्छ:

> मैले घरमै अक्षर चिनेको हुँ । विभिन्न स्तोत्रावली पढाउने क्रममा सन्था शब्द सुनेको हुँ र सन्था विधिको प्रयोग बेहोरेको हुँ । हजुरबुबाले गुरुसित सन्था नलिई कुनै कुरा पढ्नुहुन्न पाप लाग्छ भन्नुहुन्थ्यो । देवनागरी लिपिको नेपाली भाषामा अक्षर चिनेपछि शब्द उच्चारण गर्न सकिन्छ । अनि पढ्न नहुने किन होला भनी मलाई मनमनै अचम्म लाग्थ्यो । शब्द उच्चारणमा, कविताको छन्दको लय, यति, गतिमा कुनै विकृति नआओस् भनी त्यसो भनिएको रहेछ । यो रहस्य निकै पछि मात्रै थाहा भयो ।
>
> गाउँघरमा अक्षर चिनेको मान्छे कम भएको समयमा हामी दुई तीन कक्षामा पढ्ने केटाकेटीले पनि चिठी पत्र पढेर सुनाउनुपर्ने हुन्थ्यो । अक्षर चिनेका पाका पुराना व्यक्ति चस्मा नहुनाले पढ्न नसक्ने हुन्थे । लाहुरे बाहरूले चिठी लेख्दा शब्द नछुट्टाई लेख्नाले पढ्न निकै सकस हुन्थ्यो । शब्द भण्डार कम भएका हामीहरूले खरर्र पढिन्थ्यो । सुन्न बसेकाले शब्द मिलाई बुझ्थे । हाम्रो त्यो पढाइ यान्त्रिक पढाइ थियो, सुझबुझयुक्त पढाइ थिएन । प्रारम्भिक कक्षामा पढ्नका लागि सिक्ने र त्यसपछि सिक्नका लागि पढ्ने भनिएको कुरासित यो सन्दर्भ राम्रोसित मेल खान्छ ।
>
> हामीले प्रारम्भिक कक्षा अर्थात् कक्षा १-३ मा पढ्दा समयका लागि घडी हेर्ने सुविधा थिएन । तैपनि हामी साथी साथीबिच कसले छिटो पढ्ने भनी प्रतिस्पर्धा गरिन्थ्यो । हाम्रो समय मापनको साधन सास थियो । एक सासमा कसले धेरै पढ्ने भनेर प्रतिस्पर्धा हुन्थ्यो । जसले लामो समयसम्म सास रोकेर पढ्नसक्थ्यो उही राम्रो मानिन्थ्यो । (पराजुली, २०१७)

कुन अवस्थामा कसरी पढ्ने भन्ने सन्दर्भमा महर्षि याज्ञवल्क्यले आफ्नो याज्ञवल्क्य शिक्षामा भन्नुभएको छ:अभ्यासार्थे द्रुतं वृत्तिं प्रयोगार्थे तु मध्यमाम् । शिष्याणामुपदेशार्थे कुर्यात् वृत्तिं विलम्बितम्।।(याज्ञवल्क्य, २००७)

अर्थात् पठन अभ्यास गर्दा छिटोछिटो पढ्नुपर्छ । विद्यार्थीसित विद्याको प्रयोग गरिँदै छ भने मध्यम स्तरको गतिमा पढ्नुपर्छ । विद्यार्थीलाई पहिलो पटक सिकाइँदै छ भने अर्थात् सन्था दिइँदै छ भने बिस्तारैबिस्तारै पढ्नुपर्छ । यहाँ समयको यकिन किटानी नगरे तापनि अभ्यासका बखत पढाइ द्रुत गतिमा गर्नुपर्छ भन्ने सन्देश यस श्लोकले दिएको छ । त्यसैले द्रुत पठन भन्दैमा सधै छिटोछिटो हुनु हुँदैन । अवस्था परिवेशअनुसार पढाइका गतिलाई प्रयोग गर्नुपर्छ भन्ने निर्देश यस श्लोकले दिएको छ ।

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र (पाविके) ले सन् २०१७ मा कक्षा १-३ का लागि आधारसूचक तय गरेको थियो । सो आधारसूचकमा ४५ शुद्ध शब्द प्रतिमिनेट र पठनसिप र ८० प्रतिशत बोध हुनुपर्ने भनिएको थियो । प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Early Grade Reading Programme, 2015-2020) ले गरेको प्रारम्भिक कक्षा

पठनसिप परीक्षण (Early Grade Reading Assessment, 2018) मा उक्त आधारसूचक प्रयोग गर्दा विशेष गरी दुईवटा कुरा देखिए:

(क) एउटै साधनबाट कक्षा १— ३ को परीक्षण गर्दा एउटै आधारसूचक हुनुको औचित्य सावित गर्न गाह्रो परेको

(ख) आधारसूचक पार नगरेका विद्यार्थीको के कस्तो स्तरको अवस्थामा छन् भन्ने कुराको स्थिति बोध हुन नसकेको

**लेखको उद्देश्य**

१. विद्यार्थीलाई शुद्ध उच्चारण गर्न सिकाउने सन्था विधिको व्याख्या गर्नु
२. द्रुत पठनको महत्त्व बारे चर्चा गर्नु
३. पठन गति परीक्षण विधिको वर्णन गर्नु
४. सन्था विधि र द्रुत पठनले शैक्षिक गुणस्तरमा ल्याउने सकारात्मक परिवर्तनको चर्चा गर्नु
५. अध्ययनको निचोड प्रस्तुत गरी सुधारका लागि सुझाव पेस गर्नु ।

यो आलेख खासगरी प्रारम्भिक कक्षाका बालबालिकाको पठनसिप विकासमा सन्था विधि किन र कसरी आवश्यक छ भन्ने सन्दर्भमा तयार पारिएकोछ । बालबालिकाको वैयक्तिक भिन्नताअनुसार कक्षामा विभिन्न स्तरका बालबालिका हुनु स्वाभाविक हो । तर शिक्षकको अध्यापन कार्यले सो भिन्नतामा एक खालको लय (हार्मोनी) आउनुपर्छ । अनुसन्धानमा लिइएका तथ्याङ्कको विश्लेणले सन्था विधिको प्रयोग नगरेको अवस्थामा विद्यार्थीको पठन गति र बोधमा के कति मात्रामा प्रभाव पर्छ भन्ने अनुसन्धान प्रश्नको प्रयोग गरिएको छ ।

**अध्ययन विधि**

यस अध्ययनका लागि प्रयोग गरिएको विधि क्षेत्रभ्रमण विधि हो । जसमा निम्नानुसारका तौरतरिका अपनाइएको थियो:

१. कक्षा १-३ अर्थात् प्रारम्भिक कक्षामा पठनपाठन गर्ने २५ देखि ३० जना शिक्षक समूहबिच प्रशिक्षण कार्यक्रम तय गरिएको थियो ।
२. शिक्षकलाई सैद्धान्तिक र प्रयोगपरक २ दिने तालिम दिइएको थियो ।
३. शिक्षकलाई ३ समूहमा बाँडिएको थियो । तालिमको दोस्रो दिन सबै शिक्षकलाई वास्तविक क्षेत्रको अनुभव दिलाउन नजिकको विद्यालयमा प्रति सहभागीले २ जना विद्यार्थीलाई तोकिएको अनुच्छेदको सन्था दिने र २ जना विद्यार्थीलाई तोकिएको परीक्षण साधन प्रयोग गरी पठन गति तथा पठन बोध परीक्षण गर्न खटाइएको थियो ।
४. सहभागीलाई समूहका बाँडिसकेपछि पहिलो समूहलाई कक्षा १ मा सन्था विधि र कक्षा २ मा पठनसिप परीक्षण अर्थात् पठन गति र पठन बोध, दोस्रो समूहलाई कक्षा २ मा सन्था विधि र कक्षा ३ मा पठन गति र पठन बोध, तेस्रो समूहका लागि कक्षा ३ मा सन्था विधि र कक्षा १ मा पठन गति र पठन बोध परीक्षण गर्ने जिम्मा लगाइएको थियो ।
५. तालिमको सूचना गर्दा सबै सहभागीलाई कक्षा १, २, ३ का नेपाली पुस्तक ल्याउन भनिएको थियो । ती ल्याइएका पुस्तकका अन्ततिरको उपयुक्त अनुच्छेद छनोट गरी सन्थाका लागि तयार हुन अभ्यास गराइएको थियो ।
६. विद्यालय जानु अघि सहभागी समूहबिच एक आपसमा जोडी बनाएर पालैपालो सन्था र पठन गति तथा पठन बोध परीक्षणको अभ्यास गर्न सिकाइएको थियो ।
७. सन्था वा पठन सिप परीक्षणमा विद्यार्थी नदोहोरिने अवस्था मिलाइएको थियो ।
८. सन्था विधि प्रयोग गर्दा विद्यार्थीले शुद्ध उच्चारण गर्न नसकेका शब्दहरू टिपोट गर्न लगाइएको थियो । सन्था अनुच्छेद समाप्त भएपछि विद्यार्थीलाई धन्यवाद दिएर बिदा गर्ने ।
९. मौखिक पठनसिप परीक्षण गर्दा ६० शब्दको स्तरीकृत कथा अनुच्छेद दिइएको थियो । (अनुसूची २)

१०. पढ्न दिएको अनुच्छेदमा आधारित १० वटा प्रश्नहरू प्रति प्रश्नको पूर्णाङ्क १० रहेको र विद्यार्थीले ६० सेकेन्डमा पूरै अनुच्छेद पढ्न सके १० वटै प्रश्न सोध्ने र नसके त्यहाँसम्म कतिवटा प्रश्नका लागि अनुसूची २ मा रहेको कथावस्तु पढिएको छ त्यत्ति नै प्रश्न सोध्ने कुरामा स्पष्ट पारिएको थियो।

११. मौखिक पठनका बखत मात्र समय हेर्ने र प्रश्नोत्तरको समयमा समय हेर्न नपर्ने कुरा स्पष्ट गरिएको थियो।

१२. विद्यालयका विद्यार्थीसित गरिने कार्यकलाप सकिएपछि विद्यालयबाट औपचारिक रूपमा बिदा भई तालिम कक्षमा आई परीक्षक सहभागीले भोगेको अनुभूति र आआफ्नो परीक्षणबाट प्राप्त सन्थामा उच्चारणका लागि अप्ठ्यारा लागेका शब्द र पठनसिप परीक्षणमा शुद्ध शब्द प्रतिमिनेट अनि सही उत्तरका सङ्ख्या अर्थात् बोध प्रतिशत लिइएको थियो।

**अध्ययनको क्रियाकलाप र तथ्याङ्क विश्लेषण**

१. रूपन्देही जिल्लाका दुईवटा भिन्न क्षेत्र (बुटवल, भैरहवा) मा २५-३० जनाको प्रारम्भिक कक्षामा पठनपाठन गर्ने शिक्षकलाई २ दिने तालिम दिएर परीक्षकको रूपमा तयार गरी ती परीक्षकको सहयोगमा यो अध्ययन गरिएको थियो।

२. परीक्षक समूहलाई दिइएको २ दिने तालिममा पहिलो दिनको पहिलो सेसन सैद्धान्तिक थियो। त्यसपछि सन्था र पठनसिप परीक्षणको अभ्यास सहभागी सहभागीबिच अभ्यास गर्न लगाइएको थियो।

३. दोस्रो दिनमा सन्था र पठनसिप परीक्षणको थप अभ्यासपछि तोकिएको विद्यालयमा गई एक जना परीक्षकले तोकिएका कक्षाका २ जना विद्यार्थीलाई सन्था विधिको प्रयोग गर्ने र फेरि फरक कक्षाका २ जना विद्यार्थीमा पठनसिप परीक्षण गर्ने व्यवस्था मिलाइएको थियो।

४. सन्था विधिको प्रयोग तथा पठनसिप परीक्षणका बखत प्रशिक्षणमा सहभागी प्रशिक्षकहरूबाट आइपरेका अलमललाई समाधान गर्न सहजीकरण गरिएको थियो। परीक्षणका क्रममा सहभागीलाई वर्ण उच्चारणमा देखिने समस्याका बारेमा छलफल गर्ने सन्दर्भ मिलाइएको थियो। सो अवसरमा सहभागीहरूबाट औँल्याइका समस्याहरू यी थिए।

क वर्ण उच्चारणमा समस्या ङ लाई अङ्ङ उच्चारण गर्ने। विशेष गरी मधेस क्षेत्रको समस्या।

ञ लाई ञ्युँ उच्चारण गर्ने।

ट, ठ, ड, ढ, त, थ, द, ध वर्णहरू खास भाषिक परिवारमा देखिने समस्या।

ब र व अनि व र ओ उच्चारणमा अलमल।

साना विद्यार्थीमा र उच्चारणको समस्या।

ये र ए, यी र ई, यै र ऐ, वं र अं को भेदसहित उच्चारणको समस्या।

श, ष, स को उच्चारण भेद।

क्ष लाई छे उच्चारण।

त्र लाई तर उच्चारण।

ज्ञ लाई गेँ उच्चारण।

**शब्द उच्चारणमा समस्या**

यस क्रियाकलापमा सहभागीलाई ३ समूहमा विभाजन गरी एक एक वटा नेपाली शब्दकोश दिएर पहिलो समूहलाई श्रीमान् र ज्ञानी, दोस्रो समूहलाई द्यूत र त्रिशूल अनि तेस्रो समूहलाई शृङ्खला र क्षेत्र शब्दहरू पाँच मिनेटभित्र भेटाउन लगाइएको थियो। ज्ञानी शब्द कुनै समूहले पनि भेटाउन सकेको थिएन भने त्रिशूल र क्षेत्र शब्द एक एक समूहले मात्र भेटाउन सफल भएको थियो। शब्द भेटाउन सफल समूहसित छलफल गर्दा समूहमा कोही एक सहभागीका ज्ञानका कारणले भेटिएको पाइएको थियो। यसको मतलब झन्डै असी जना सहभागीमा केवल ८ जनाले मात्र यी शब्द भेटाउने

क्षमता राख्थे ।यसको अर्थ केवल १० प्रतिशत सहभागीसित मात्रै यी शब्द भेटाउने क्षमता रहेको पाइयो ।यसले प्रारम्भिक कक्षाका शिक्षकमा निश्चित संयुक्त वर्णको बनोटको ज्ञान बारे समस्या रहेको भन्न सकिन्छ ।
शब्द उच्चारणसम्बन्धीदोस्रो क्रियाकलापमा पानीको बोतलको लोगोमा रहेको **स्वर्गद्वारी** र एअर लाइन्सको पोस्टरमा रहेको **धामिर्क** शब्द उच्चारण गर्ने परिवेश पावर प्वाइन्टमा देखाएर मिलाइएको थियो । पानीको बोतलको लोगो स्वर्गद्धारीलाई सबैले स्वर्गद्वारी पढे भने एअर लाइन्स्को धामिर्कलाई धार्मिक नै पढे । यस परीक्षणले वर्ण चिनेर उच्चारण गर्नुभन्दा लहलहैमा चित्र पढाइ गर्ने प्रवृत्तिगत समस्या प्रारम्भिक कक्षामा पढाउने शिक्षकमा रहेको कुरा प्रमाणित गरेको छ ।

माथिको अभ्यासले सतर्क भएका सहभागीहरू परीक्षण अभ्यासका लागि तोकिएको विद्यालयमा गएर कक्षागत रूपमा तोकिएको अनुच्छेद दुई दुई जना विद्यार्थीलाई सन्था विधि प्रयोग गरी एकल अनुपठन गरे गराएका थिए । एकल अनुपठन गर्दा गराउँदा वाक्यबाट सुरु गर्ने र विद्यार्थीले पूरा वाक्य दोहोऱ्याउन नसके आधा वाक्य र सो पनि नसके शब्दको तहमा आएर सन्था विधि प्रयोग गर्ने गरिएको थियो । शैक्षिक सत्रको अन्तको अवस्था भएकाले यसो भनिए पनि शैक्षिक सत्रको सुरुमा भने कक्षा १ मा वर्णको तहबाटै सुरु गर्नुपर्ने हुन्छ । सन्था विधिलाई प्रारम्भिक कक्षाको पठनसिप सिकाइको एक महत्त्वपूर्ण आयामको रूपमा स्थापित गरी हरेक विद्यार्थीका पठनसिपका वैयक्तिक समस्या थाहा पाई अभिलेखीकरण गर्न शिक्षकले सन्था डायरी वा नोटबुकको व्यवस्था गर्नुपर्छ । सो डायरीको कम्तीमा एक पन्ना एक जना विद्यार्थीका लागि हुने गरी मिलाएर निम्नानुसारको फाराम भरी अभिलेख राख्नुपर्छ ।

**तालिका १**

*सन्था विधि प्रयोगकोको अभिलेख ढाँचा*

विद्यार्थीको नाम कक्षा रो नं

| उच्चारणमा समस्या भएका वर्ण र शब्द | पहिचान भएको मिति | सुधार भएको मिति | विशेष टिप्पणी |
|---|---|---|---|
| | | | |
| | | | |

परीक्षणमा संलग्न तीन विद्यालयका प्रारम्भिक कक्षाका विद्यार्थीमा सन्था विधि प्रयोग गर्दा विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्दहरू यी थिए ।
उत्तीर्ण, असाध्यै, प्रधानाध्यापक, चर्पी, छुर्पी, धुर्मुस, ऱ्यालो, आर्यन, उच्चारण, चर्खा, बार्दली, हुर्रे, बर्फी, दोहोऱ्याउनुहुन्छ, ल्याउनु, वर्षा, फर्किंदै, मुसलधारे, पिज्जा, सिकाउनुहुन्छ ।

सहभागी परीक्षकहरूले तालिम कक्षमा फर्केर यी शब्द अप्ठ्यारा लाग्नुका कारण बारे छलफल गरेका थिए । यी शब्दहरू परीक्षणमा सहभागी सबै विद्यार्थीका लागि अप्ठ्यारा लागेका होइनन् । विद्यार्थीका वैयक्तिक क्षमताका आधारमा अप्ठ्यारा लागेका हुन् । फेरि यी अप्ठ्यारा शब्दहरू प्रारम्भिक कक्षाका पाठ्यपुस्तकका अन्त्यतिरका पाठबाट लिइएका सहभागी ३ विद्यालयका प्रति विद्यालयका ३ अनुच्छेदका दरले केवल ९ अनुच्छेदका शब्दहरू हुन् । उल्लिखित शब्दहरूलाई हेर्दा विद्यार्थीलाई खास गरी काटेमारेका वर्णहरू उच्चारण गर्न गाह्रो परेको देखिन्छ । तर मुसलधारे शब्दले शुद्ध अक्षर पनि उच्चारणमा गाहो परेको देखाउँछ । त्यसैले विद्यार्थीका उच्चारणसम्बन्धी समस्या हल गर्न अभिलेखसहित सन्था विधि अपनाउने र अभिलेखअनुसार विद्यार्थीलाई समस्या समाधानका लागि शिक्षकले पछ्याइरहनुपर्ने देखिन्छ ।

**पठनसिप परीक्षण**

पठनसिप परीक्षण पनि विद्यार्थीको एकल परीक्षण हो अर्थात् समूह परीक्षण होइन ।अनुसूची २मा दिइएको परीक्षण साधनमध्ये क विद्यार्थीलाई पढ्न दिने साधन हो भने ख विद्यार्थीले पढेको शुद्ध अशुद्ध यकिन गर्न

परीक्षकलेहातमा लिएर हेर्ने साधन हो । यसमा परीक्षकका लागि केही निर्देशन, विद्यार्थीलाई दिइने पाठको हुबहु पाठ्यांश र बोध परीक्षणका लागि विद्यार्थीलाई सोधिने प्रश्नावली रहेका छन् । परीक्षकले मोबाइलको स्टपवाच, विद्यार्थीले पढ्ने पाठ्यांशमा गरेको गल्ती शब्द काट्न वा चिनो लगाउनका लागि कलम हातमा लिनु आवश्यक हुन्छ । त्यसैले परीक्षकका आँखा, कान, हात एकै पटक सक्रिय हुनुपर्ने हुन्छ । यो क्रियाकलाप निकै सजगताका साथ गर्नुपर्ने संवेदनशील प्राविधिक काम हो । एउटा विद्यार्थीको परीक्षणका लागि केवल ६० सेकन्ड निकै छोटो समय हो । यसमा भएको सानो अलमल वा गल्तीले परीक्षण परिणाममा ठूलै उथलपुथल आउन सक्छ । परीक्षकले सावधानी अपनाउनुपर्ने क्षेत्र यही नै हो ।

विद्यार्थीलाई प्रश्न सोध्दा समय त हेरिँदैन तर उनीहरूलाई असहज हुने गरी हतारिने वा जवाफका लागि निकै बेर पर्खिरहनु हुँदैन । यसमा परीक्षकले विवेक पुऱ्याउनुपर्छ ।

**परीक्षणमा प्राप्त तथ्याङ्क र यसको विश्लेषण**

परीक्षणमा संलग्न विद्यालयहरूको कक्षागत रूपमा प्राप्त तथ्याङ्कलाई रेखाचित्रमा रूपान्तरण गरी सङ्क्षेपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**विद्यालय क**

**तालिका २**


*विद्यालय क का कक्षा १ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ० | पूर्वआधारभूत | |
| २ | २९ | १० | पूर्वआधारभूत | |
| ३ | ९ | १० | पूर्वआधारभूत | |
| ४ | ९ | ० | पूर्वआधारभूत | |
| ५ | ७ | ० | पूर्वआधारभूत | |
| ६ | ५ | ० | पूर्वआधारभूत | |
| ७ | ३ | ० | पूर्वआधारभूत | |
| ८ | ३ | ० | पूर्वआधारभूत | |
| ९ | १४ | ० | पूर्वआधारभूत | |
| १० | ३२ | ३० | आधारभूत | |
| ११ | ३० | २० | आधारभूत | |
| १२ | १३ | १० | पूर्वआधारभूत | |
| १३ | १९ | २० | पूर्वआधारभूत | |
| १४ | ४३ | ५० | प्रवीण | |
| १५ | ० | ० | पूर्वआधारभूत | |

स्रोत: राष्ट्रिय प्रारम्भिक कक्षा पठनसिप आधारसूचक

**रेखाचित्र १**

*विद्यालय क का कक्षा १ का विद्यार्थीको पठन बोधको परिणाम*




विद्यालय क को कक्षा १ को पठनसिप परीक्षणमा जम्मा १५ जना सहभागी भए। एक जना एक शब्द पनि बोल्दै नबोली बाहिरिए। अन्य १४ जनामध्ये ७ जना अर्थात् ५० प्रतिशतले कुनै एक प्रश्नको पनि जवाफ दिन सकेनन्। यस समूहका विद्यार्थीहरू ७३ प्रतिशत पूर्वआधारभूत स्तरमा, १३ प्रतिशत आधारभूत स्तरमा र ७ प्रतिशत प्रवीण स्तरमा रहेका छन् ।उच्च स्तरमा कुनै पनि विद्यार्थी परेनन्।

पूर्वआधारभूत स्तरमा औसत १० शुशप्रमि रह्यो भने बोध झन्डै औसत ५ प्रतिशत रहेको पाइयो। आधारभूत स्तरमा औसत झन्डै ३१ शुशप्रमिरहेको पाइयो भने बोध २५ प्रतिशत रहेको पाइयो। यसै गरी प्रवीण स्तरमा औसत ४३ शुशप्रमिरहेको छ भने बोध ५० प्रतिशत रहेको पाइयो। दुईतिहाई विद्यार्थी पूर्वआधारभूत स्तर रहनु उच्च स्तरमा एक जना पनि नहुनुले पढाइको स्तर कमजोर भएको देखाउँछ।

विद्यालय क

**तालिका ३**


*विद्यालय क का कक्षा २ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | ३१ | ५० | प्रवीण | |
| २ | २२ | १० | पूर्वआधारभूत | |
| ३ | ४९ | ३० | प्रवीण | |
| ४ | ३८ | ५० | प्रवीण | |
| ५ | ५ | १० | पूर्वआधारभूत | |
| ६ | ४० | ३० | आधारभूत | |
| ७ | ४० | ८० | उच्च दक्षता | |
| ८ | २० | १० | पूर्वआधारभूत | |

| | | | | |
|---|---|---|---|---|
| ९ | ३८ | ५० | प्रवीण | |
| १० | ४४ | ५० | प्रवीण | |
| ११ | ५४ | ४० | आधारभूत | |
| १२ | ३९ | ५० | प्रवीण | |
| १३ | ४० | ५० | प्रवीण | |
| १४ | ४५ | ९० | उच्च दक्षता | |
| १५ | ७२ | १०० | उच्च दक्षता | |
| १६ | २४ | ३० | आधारभूत | |
| १७ | ४५ | ४० | आधारभूत | |
| १८ | ५६ | ८० | उच्च दक्षता | |
| १९ | ३८ | २० | पूर्वआधारभूत | |
| २० | २२ | १० | पूर्वआधारभूत | |
| २१ | ६२ | ७० | उच्च दक्षता | |
| २२ | ४५ | ३० | प्रवीण | |

**रेखाचित्र २**

*विद्यालय क का कक्षा २ का विद्यार्थीको पठन बोधको परिणाम*




माथिको रेखाचित्रलाई हेर्दा कक्षा—२ मा पूर्वआधारभूत तहको औसत २१ शुशप्रमि पठन गति रहेको छ। यो आधारभूत तहको सीमाभित्र पर्ने सङ्ख्या हो। तर ती विद्यार्थीहरूको बोध जम्मा १२ प्रतिशतको हाराहारीमा छ। यो प्रतिशत पूर्व आधारभू स्तरभित्र पर्नाले अन्तिम परिणाम पूर्वआधारभूत स्तरमा पर्न गएको हो।

यसै गरी औसत ४० शुशप्रमि रहेको आधारभूत स्तरमा बोध झन्डै ४० प्रतिशतको हाराहारीमा रहेको छ। यसलाई पनि बोधकै कमजोरीले प्रवीणतिर जानबाट खुम्चिनु परेको देखिन्छ। प्रवीण स्तरमा पनि औसत ४० शुशप्रमि

रहेको देखिन्छ भने बोध झन्डै ४८ प्रतिशतको हाराहारीमा छ। बोधमा २२ प्रतिशत प्रगति गर्न सके यो सङ्ख्या सबै उच्च स्तरमा जान सक्छ।

उच्च स्तरमा रहेको सङ्ख्या सानो भए पनि औसत झन्डै ५५ शुशप्रमिरहेको छ। यो निकै राम्रो सङ्केत हो। यो सङ्ख्या उच्च स्तरका लागि स्थापित मानक सीमाभन्दा झन्डै १० अङ्कले बढी हो। बोध प्रतिशत पनि मानक सीमाभन्दा झन्डै १० अङ्कले बढी छ।यसले प्रवीण स्तरका विद्यार्थी र उच्च स्तरका विद्यार्थीबिच सिकाइ स्तरमा अलि फराकिलो अन्तर रहेको देखाउँछ।

विद्यालय क


**तालिका ४**

*विद्यालय क का कक्षा ३ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | ७२ | ६० | प्रवीण | |
| २ | ९५ | ८० | उच्च | |
| ३ | ८० | १०० | उच्च | |
| ४ | ६० | ९० | उच्च | |
| ५ | ३५ | ५० | आधारभूत | |
| ६ | ७२ | ९० | उच्च | |
| ७ | ६४ | ७० | प्रवीण | |
| ८ | ९० | १०० | उच्च | |
| ९ | ६६ | ८० | उच्च | |
| १० | ३८ | ४० | आधारभूत | |
| ११ | ९२ | ८० | उच्च | |
| १२ | ६७ | ७० | प्रवीण | |
| १३ | ६० | ८० | उच्च | |
| १४ | ६८ | ७० | प्रवीण | |
| १५ | ६१ | ८० | उच्च | |
| १६ | ९० | ८० | उच्च | |

**रेखाचित्र ३**

*विद्यालय क का कक्षा ३ का विद्यार्थीको पठन बोधको परिणाम*




विद्यालय क कै कक्षा ३ को रेखाचित्र हेर्दा पूर्वआधारभूत तहमा कुनै पनि विद्यार्थी रहेका छैनन् । यो सुखद कुरा हो । आधारभूत तहका विद्यार्थीको औसत ३७ शुद्ध शब्द प्रतिमिनेट रहेको देखिन्छ । औसत बोध ४५ प्रतिशत रहेको छ । त्यसै गरी प्रवीण स्तरमा औसत झन्डै ६८ शुशप्रमिरहेको र औसत बोध प्रतिशत पनि झन्डै ६८ प्रतिशत नै रहेको छ । बोध क्षेत्रमा औसत २ प्रतिशत मात्र बढाउन सके प्रवीण स्तरका सबै उच्च स्तरमा जान सक्ने राम्रो सम्भावना देखिन्छ । शुद्ध पठनसिपको स्तर निकै राम्रो छ ।
लिइएको नमुनाका झन्डै ६३ प्रतिशत विद्यार्थी उच्च स्तरमा हुनु राम्रो कुरा हो । औसतमा झन्डै ७७ शुशप्रमि हुनु राम्रो कुरा हो । त्यसै गरी औसत बोध प्रतिशत ८६ हुनु पनि उत्तिकै राम्रो कुरा हो ।

यस विद्यालयमा कक्षा १, २ र ३ को तुलना गर्दा पठनसिपको लय अर्थात् हार्मोनी सुन्दर भन्न सकिने अवस्था रहेन । कक्षा एकमा पूर्वआधारभूत स्तरमा ७३ प्रतिशत विद्यार्थी रहनु अध्ययनको विषय भएको छ ।

**तालिका ५**


*विद्यालय ख का कक्षा १ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | २८ | ५० | प्रवीण | |
| २ | २५ | ४० | प्रवीण | |
| ३ | १० | २० | पूर्वआधारभूत | |
| ४ | ४ | १० | पूर्वआधारभूत | |
| ५ | ३३ | ६० | प्रवीण | |
| ६ | २४ | ४० | आधारभूत | |
| ७ | ५८ | १० | पूर्वआधारभूत | |

| | | | | |
|---|---|---|---|---|
| ८ | १० | ३० | पूर्वआधारभूत | |
| ९ | १० | १० | पूर्वआधारभूत | |
| १० | ३१ | ५० | प्रवीण | |
| ११ | ३२ | ६० | प्रवीण | |
| १२ | ३३ | ६० | प्रवीण | |
| १३ | २४ | ३० | आधारभूत | |
| १४ | २० | २० | आधारभूत | |
| १५ | १८ | २० | आधारभूत | |
| २० | २१ | ६० | आधारभूत | |

**रेखाचित्र ४**

*विद्यालय ख का कक्षा १ का विद्यार्थीको पठन बोधको परिणाम*




विद्यालय ख, कक्षा १ को रेखाचित्र हेर्दा औसत १८ शुशप्रमिपठन गति रहेको पाइयो।बोध प्रतिशत पनि १६ रहेको छ। यसलाई कमजोर स्थिति भन्न सकिन्छ। आधारभूत स्तरमा औसत २२ शुशप्रमिरहेको देखिन्छ भने बोध ३४ प्रतिशत मात्र रहेको छ। त्यसै गरी प्रवीण स्तरमा औसत ३० शुशप्रमिरहेको छ भने बोध ५३ प्रतिशत रहेको छ। यी दुवै अङ्क बेन्चमार्क सीमा नजिकै रहेकाले यस स्तरका विद्यार्थीको सिकाइ क्षमता सन्तुलित रहेको भन्न सकिन्छ। तर उच्च स्तरमा लैजानका लागि अलि कडा मेहनतको आवश्यकता देखिन्छ।

विद्यालय ख


**तालिका ६**

*विद्यालय ख का कक्षा २ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | २१ | ५० | आधारभूत | |
| २ | ३४ | ३० | आधारभूत | |
| ३ | ४९ | ७० | उच्च | |
| ४ | ४९ | ९० | उच्च | |
| ५ | ५८ | ८० | उच्च | |
| ६ | ३५ | ५० | प्रवीण | |
| ७ | २४ | ३० | आधारभूत | |
| ८ | ५१ | ५० | प्रवीण | |
| ९ | ५६ | ७० | उच्च | |
| १० | ४ | ० | पूर्वआधारभूत | |
| ११ | १० | १० | पूर्वआधारभूत | |
| १२ | ५ | ० | पूर्वआधारभूत | |
| १३ | ४० | ३० | आधारभूत | |
| १४ | २९ | ० | पूर्वआधारभूत | |
| १५ | ५२ | ९० | उच्च | |
| १६ | ५१ | ८१ | उच्च | |
| १७ | ३४ | ५० | प्रवीण | |
| १८ | ५७ | ६० | प्रवीण | |

**रेखाचित्र ५**

*विद्यालय ख का कक्षा २ का विद्यार्थीको पठन बोधको परिणाम*



यस कक्षाका पूर्वआधारभूत स्तरका विद्यार्थीको स्तर निकै नाजूक देखिन्छ। औसत १२ शुशप्रमिपढ्न विद्यार्थीको बोध जम्मा ३ प्रतिशत रहेको छ। त्यसै गरी आधारभूत स्तरका विद्यार्थीको औसत झन्डै ३० शुशप्रमिरहेको देखिन्छ भने बोध स्तर ३५ प्रतिशत रहेको छ। शुद्ध पठनसिप औसतमा प्रवीण स्तरको हाराहारीमा रहेको राम्रो सङ्केत भए पनि बोधमा १५ प्रतिशत बढाउँदा मात्र प्रवीण स्तरमा पुगिने कुरामा दुरी अलि लामो देखिन्छ।
प्रवीण स्तरको रेखाचित्र हेर्दा औसत झन्डै ४४ शुशप्रमि पढ्ने गति देखिन्छ। जुन उच्च स्तरको भन्दा पनि माथि हो। तर बोधको स्तर जम्मा ५३ प्रतिशत छ जुन तल्लो सीमा(५०प्रतिशत)को नजिकमा पर्छ।
उच्च स्तरको रेखाचित्र अध्ययन गर्दा औसत झन्डै ५३ शुद्ध शब्द प्रतिमिनेट पढ्न सकेको देखिन्छ।यो निकै राम्रो स्थिति हो। बोधको स्थिति पनि ८० प्रतिशतको हाराहारीमा छ। जुन उच्च स्तरको तल्लो सीमा नै हो।


**तालिका ७**

*विद्यालय ख का कक्षा ३ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | ५९ | ७० | प्रवीण | |
| २ | ३४ | ५० | आधारभूत | |
| ३ | २६ | ५० | आधारभूत | |
| ४ | ५७ | ९० | उच्च | |
| ५ | ४४ | ७० | प्रवीण | |
| ६ | ५७ | ३० | आधारभूत | |
| ७ | ५० | ७० | प्रवीण | |
| ८ | ६५ | ८० | उच्च | |
| ९ | ४० | ७० | प्रवीण | |
| १० | १५ | २० | पूर्वआधारभूत | |
| ११ | ३२ | ७० | आधारभूत | |
| १२ | ६० | ५० | आधारभूत | |
| १३ | ३५ | ७० | प्रवीण | |
| १४ | ५३ | ७० | प्रवीण | |
| १५ | ९ | १० | पूर्वआधारभूत | |
| १६ | ५६ | ७० | प्रवीण | |

**रेखाचित्र ६**

*विद्यालय ख का कक्षा ३ का विद्यार्थीको पठन बोधको परिणाम*




कक्षा ३ मा पूर्वआधारभूत स्तरमा झन्डै औसत १२ शुशप्रमिर १५ प्रतिशत बोधको अवस्था रहेको नाजूक स्थिति देखाउँछ। आधारभूत स्तरमा औसत ४१ शुशप्रमिपठन गति र ५० प्रतिशत औसत बोध रहेको छ।बोध स्तर १० प्रतिशत मात्र बढाउन सके प्रवीण स्तरका सबै सजिलै उच्च स्तरमा जान सक्ने देखिन्छ। यो आशा लाग्दो अवस्था हो। त्यसै गरी प्रवीण स्तरमा औसत ४८ शुशप्रमिपठन गति र ७० प्रतिशत बोध रहेको छ। यसमा पनि बोध प्रतिशत १० प्रतिशत बढाउन सके उच्च स्तरमा अनुवाद हुने आशा लाग्दो स्थिति छ।

उच्च स्तरमा औसत ६० शुशप्रमिरहेको र बोध ८५ प्रतिशत रहेको राम्रो सङ्केत देखिन्छ। तर समग्रमा पूर्वआधारभूत, आधारभूत, प्रवीण र उच्च स्तरको बोधमा भने राम्रो लय देखिँदैन।

**तालिका ८**


*विद्यालय ग का कक्षा १ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | १० | ४० | पूर्वआधारभूत | |
| २ | ८ | ३० | पूर्वआधारभूत | |
| ३ | १० | २० | पूर्वआधारभूत | |
| ४ | २१ | ४० | आधारभूत | |
| ५ | २३ | १० | पूर्वआधारभूत | |
| ६ | २६ | ४० | प्रवीण | |
| ७ | २५ | ६० | प्रवीण | |
| ८ | ४० | ८० | उच्च | |
| ९ | १६ | ३० | आधारभूत | |
| १० | ३५ | ४० | प्रवीण | |
| ११ | ७ | १० | पूर्वआधारभूत | |
| १२ | २५ | ६० | प्रवीण | |

| | | | | |
|---|---|---|---|---|
| १३ | १६ | ६० | आधारभूत | |
| १४ | २६ | ३० | आधारभूत | |
| १५ | ४३ | ५० | प्रवीण | |
| १६ | ६ | ० | पूर्वआधारभूत | |
| १७ | ३३ | ७० | प्रवीण | |
| १८ | ५ | ० | पूर्वआधारभूत | |
| १९ | ० | ० | पूर्वआधारभूत | |
| २० | ७ | १० | पूर्वआधारभूत | |

**रेखाचित्र ७**

*विद्यालय ग का कक्षा १ का विद्यार्थीको पठन बोधको परिणाम*




यस विद्यालयको कक्षा १ को पूर्वआधारभूत स्तरमा झन्डै औसत ९ शुशप्रमि पढ्ने र औसत १३ प्रतिशत बोध हुनु निकै कमजोर स्थिति हो। आधारभूत तहमा झन्डै औसत १९ शुशप्रमिपठन गति र ४० प्रतिशत बोध हुनु र औसत ३१ शब्द प्रति मिनेट पठन गति र ५३ प्रतिशत बोध आआफ्ना सीमा बिचका अङ्कहरू एक आपसमा लय रहेको देखाउँछ। उच्च स्तरमा औसत ४० शुद्ध शब्द प्रतिमिनेट पठन गति र ८० प्रतिशत बोधले राम्रो सङ्केत देखाउँछ। तर पूर्वआधारभूत स्तरमा झन्डै आधा विद्यार्थी रहनुले भने समग्र कक्षाको स्थितिलाई कमजोर देखाउँछ।

**तालिका ९**


*विद्यालय ग का कक्षा २ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | २५ | ४० | आधारभूत | |
| २ | ५६ | १०० | उच्च | |
| ३ | ० | ० | पूर्वआधारभूत | |
| ४ | ३७ | ४० | आधारभूत | |
| ५ | १६ | १० | पूर्वआधारभूत | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २५ | २० | पूर्वआधारभूत | |
| ७ | २ | ० | पूर्वआधारभूत | |
| ८ | ४५ | ३० | आधारभूत | |
| ९ | १३ | ० | पूर्वआधारभूत | |
| १० | २७ | १० | पूर्वआधारभूत | |
| ११ | १३ | ३० | पूर्वआधारभूत | |
| १२ | ५९ | ५० | प्रवीण | |
| १३ | १४ | ० | पूर्वआधारभूत | |
| १४ | ८ | ० | पूर्वआधारभूत | |
| १५ | ९ | ३० | पूर्वआधारभूत | |
| १६ | २० | १० | पूर्वआधारभूत | |
| १७ | ० | ० | पूर्वआधारभूत | |
| १८ | ० | ० | पूर्वआधारभूत | |

**रेखाचित्र ८**

*विद्यालय ग का कक्षा २ का विद्यार्थीको पठन बोधको परिणाम*




माथिका रेखाचित्रले पूर्वआधारभूत स्तरमा औसत ११ शुद्ध प्रति मिनेट पठन गति हुनु, बोधको स्तर जम्मा ८ प्रतिशत हुनु र ७२ प्रतिशत विद्यार्थी यही पूर्वआधारभूत तहमा हुनुलाई कक्षाको शैक्षिक स्थिति कमजोर रहेको भन्न सकिन्छ । आधारभूत स्तरमा औसत ३६ शुशप्रमिपठन गति र ३७ प्रतिशत बोध रहेको देखिन्छ । त्यसै गरी प्रवीण स्तरमा औसत ५९ शुशप्रमि पठन गति र ५० प्रतिशत बोध, उच्च स्तरमा औसत ५५ शुशप्रमि पठन गति र १०० प्रतिशत बोध हुनु राम्रो हो तर न्यून विद्यार्थी सङ्ख्याले सैद्धान्तिक राम्रोपनलाई व्यवहारमा खल्लो देखाएको छ ।


**तालिका १०**

*विद्यालय ग का कक्षा ३ का विद्यार्थीको पठन बोधको परिणाम*

| विद्यार्थी नं | शुद्ध शब्द/ मिनेट | बोध % | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | १२ | ३० | पूर्वआधारभूत | |
| २ | १ | १० | पूर्वआधारभूत | |
| ३ | ५९ | ८० | उच्च | |
| ४ | ३१ | ४० | आधारभूत | |
| ५ | ४ | १० | पूर्वआधारभूत | |
| ६ | २५ | २० | पूर्वआधारभूत | |
| ७ | ५८ | ८० | उच्च | |
| ८ | ० | ० | पूर्वआधारभूत | |
| ९ | ५९ | ९० | उच्च | |
| १० | ३३ | ४० | आधारभूत | |
| ११ | १४ | ३० | पूर्वआधारभूत | |
| १२ | १६ | २० | पूर्वआधारभूत | |
| १३ | ३७ | ४० | आधारभूत | |
| १४ | ४१ | ६० | प्रवीण | |
| १५ | ६० | ७० | प्रवीण | |
| १६ | ६० | ९० | उच्च | |
| १७ | ११ | २० | पूर्वआधारभूत | |
| १८ | २१ | ४० | आधारभूत | |
| १९ | १३ | ० | पूर्वआधारभूत | |
| २० | २७ | १० | पूर्वआधारभूत | |

**रेखाचित्र ९**

*विद्यालय ग का कक्षा ३ का विद्यार्थीको पठन बोधको परिणाम*



कक्षा ३ को पूर्वआधारभूतस्तरमा औसत ११ शुशप्रमि पठन गति र १५ प्रतिशत पठनबोधले न्यूनस्तर देखाउँछ। यसमा ५० प्रतिशत विद्यार्थी यही स्तर रहनुलाई कमजोर स्थिति भन्न सकिन्छ। आधारभूतस्तरमा औसत ३० शुशप्रमि पठन गति र ४० प्रतिशत औसत पठन बोध अनि प्रवीण स्तरमा ५० शुशप्रमि पठन गति र ६५ प्रतिशत औसत पठन बोध अनि औसत ५९ शुशप्रमि पठन गति र ८५ प्रतिशत पठन बोधलाई राम्रै लययुक्त स्थिति भन्न सकिन्छ।

## प्राप्ति

१ प्रारम्भिक कक्षामा पठनपाठन गर्ने शिक्षकसमेतमा शब्द उच्चारणमा अलमल देखिएको छ।

२ सन्था विधिको प्रयोग गर्दा आफ्नै कक्षाका पाठ्यपुस्तकका अनुच्छेदमा रहेका काटेमारेका वा जोडेमोडेका अक्षर उच्चारण गर्न विद्यार्थीलाई समस्या परेको छ।

३ सन्था विधिबाट प्राप्त परिणाम होस् वा पठन गति र पठन बोधको परिणामको सन्दर्भमा होस् हरेक कक्षामा सिकाइ स्तरको निकै ठूलो फासला देखिएको छ।

४ उच्चस्तरको पठन गति हुँदा पनि बोध न्यून भएको अवस्था छ।

५ सन्था विधिको प्रयोगबाट प्राप्त नतिजाले शब्द उच्चारणमा वैयक्तिक भिन्नताअनुसार समस्या रहेको पाइएको छ। समस्यायुक्त भनी टिपिएका २० वटा शब्दहरूमध्ये १४ वटा शब्दहरूमा आधा रकार वा अन्य वर्णमा संलग्न रकार पाइनुले र वर्णका बहु आकृतिको प्रयोग (म्र, न्यो, ह्र, र्य, ट्र, र) बालबालिकाका लागि समस्या रहेको देखिन आयो ।अनि औसत शुद्ध शब्द प्रतिमिनेटको रेखाचित्र र औसत बोधको रेखामा रेखाचित्र नं ४ र ९ बाहेकमा निम्नस्तरदेखि उच्चस्तरसम्म उचित लय (हार्मोनी) भएको पाइएन।

## निष्कर्ष

विभिन्न पारिवारिक परिवेशबाट आएका बालबालिका बोली र समझको ठूलो वैयक्तिक भिन्नता रहनु स्वाभाविकै हो। विद्यालयमा आएपछि सबै बालबालिका पाठ्यक्रम तथा पाठ्यपुस्तकको लयमा समाहित हुँदै जान्छन्। यस्तो अवस्थामा शिक्षकले सन्था विधि र पठन गति बोधको स्तर परीक्षणका आधारमा बालबालिकामा देखिएका समस्यालाई समाधान गर्दै शैक्षिक लक्ष्य प्राप्त गर्न समता उन्मुख मार्ग प्रशस्त गर्नुपर्छ। उच्चस्तरको पठन गति हुँदा पनि बोध न्यून भएको अवस्थालाई प्रारम्भिक कक्षामा ठूलो समस्याका रूपमा लिनु हुँदैन  किनकि यो अवस्था पढ्नका लागि सिक्ने अवस्था हो।

राष्ट्रिय प्रारम्भिक कक्षा पठनसिप आधारसूचकले दिएका सूचकलाई कार्यान्वयनमा ल्याउँदा शिक्षकलाई आफ्ना विद्यार्थीको स्तर कहाँ छ र कसरी यो स्तर सुधार गर्न सकिन्छ भन्ने योजना गर्न सजिलो हुने छ।

## सुझाव

१. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा तयार पारी विभागीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत राष्ट्रिय प्रारम्भिक कक्षा पठनसिप आधारसूचक— २०७९ लाई मुलुकभर कार्यान्वयन गर्न शिक्षा नीतिमा समावेश गर्नुपर्ने देखिएको छ। यसलाई प्रारम्भिक कक्षामा पठनपाठनका लागि लक्ष्य निर्धारण गर्ने मियोको रूपमा लिनुपर्छ।

२. सन्था विधिको प्रयोग गर्दा प्रारम्भिक कक्षाका शिक्षक स्वयं पनि सजग भई बालबालिकाले प्रारम्भिक कक्षादेखि नै शुद्ध पठन संस्कार पाउन सक्ने छन्।

३. शुद्ध पढ्न सक्नेले मात्र उच्च गतिमा पढ्न सक्ने र उच्च गतिमा पढ्न सक्नेले मात्र विषयवस्तुको राम्रोसित बोध गर्न सक्ने भएकाले शुद्ध पठनको आधारशीलाका रूपमा रहेको सन्था विधिलाई शुद्ध पठन द्रुत पठनका लागि प्रारम्भिक कक्षामा सन्था विधिलाई एक महत्त्वपूर्ण पठन विधिको रूपमा कार्यान्वयन गर्नुपर्छ।

४. प्रारम्भिक कक्षाका पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरूलाई पाठ्यपुस्तकको अन्ततिर शब्दकोशीय क्रममा व्यवस्थितगरी राख्ने गरेमा सम्बन्धित कक्षाका पाठ्यपुस्तकमा समस्यायुक्त शब्द खोज्न, समस्या समाधानको अभ्यास गर्न सजिलो हुन्छ ।

५. यस अध्ययनमा शुद्ध पठनका लागि सन्था विधिको आवश्यकता बारेमा सन्दर्भको उठान गरेको छ । अबका दिनमा शुद्ध पठन द्रुत पठन परीक्षणमा लिइएका बालबालिकालाई निश्चित अनुच्छेद सन्था दिएर शुद्ध पठन द्रुत पठन र सन्थाबाट प्राप्त नतिजाको सहसम्बन्धको अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## सन्दर्भ सामग्री

पराजुली, उ. कु. (सन् २०१७), *प्रारम्भिक कक्षा पढाइसिप परीक्षण परिचयात्मक पुस्तिका*, शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

पोखरेल बालकृष्ण (वि सं २०५८), *नेपाली बृहत् शब्दकोश,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

याज्ञवल्क्य, (सन् २००७), (अनु. नरेश झा),*याज्ञवल्क्य शिक्षा*, चौखम्बा सुरभारती प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र, *राष्ट्रिय प्रारम्भिक कक्षा पठनसिप आधार सूचक,* पाठ्यक्रम विकास केन्द्र ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, (वि.सं. २०७९), *राष्ट्रिय प्रारम्भिक कक्षा पठनसिप आधारसूचक २०७९*, शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

EGRP/RTI. (2016). *Basic Survey Report of Early Grade Reading*. EGRP/RTI.

## अनुसूची १

**तालिका ११**

*प्रारम्भिक कक्षाको आधार सूचक*(Bench Mark of Early Grades 1 to 3)

| Reading subskills | Pre -basic | Basic | Proficient | Advanced |
|---|---|---|---|---|
| Grade 1 | | | | |
| Oral Reading Fluency- ORF (correct word per minute cwpm) | Less than 15 | 15 to less than25 | 25 to less than 35 | 35 and above |
| Comprehension (% correct response) | Less than20 | 20 to less than40 | 40 to less than 60 | 60 and above |
| Grade 2 | | | | |
| ORF (cwpm) | Less than15 | 15 to less than 30 | 30 to less than 40 | 40 and above |
| Comprehension (% correct response) | Less than 30 | 30 to less than 50 | 50 to less than 70 | 70 and above |
| Grade 3 | | | | |
| ORF (cwpm) | Less than20 | 20 to less than 35 | 35 to less than 45 | 45 and above |
| Comprehension (% correct response) | Less than 30 | 30 to less than 60 | 60 to less than 80 | 80 and above |

## अनुसूची २
## मौखिक पठन सिप साधन

**(क) मौखिक पठन अनुच्छेद। समय: ६० सेकेन्ड**

पठनसिप परीक्षणका लागि विद्यार्थीका लागि पाठ्यांश। यो पाठ्यांश एक पन्नामा छुट्टै छापेर दिनुपर्छ। सो पत्रमा पाठ्यांश बाहेक केही हुनुहुन्न।

उमा विद्यालयबाट घर फर्किँदै थिइन्। उनले पसलमा मानिसहरूको भिड देखिन्। भिडमा साथीहरूले बालकथाको किताब किनेको देखिन्। उमा घरमा पुगिन्। उनले आमालाई बालकथाको किताब किनिदिन भनिन्। आमाले किताब किनिदिनुभयो। उमाले किताबका धेरै कथा पढेर आमालाई सुनाइन्। शुक्रवार विद्यालयमा कथा भन्ने प्रतियोगिता भयो। त्यो प्रतियोगितामा उमा प्रथम भइन्। उमाले आफूप्रथम भएको कुरा आमालाई सुनाइन्। आमाले खुसी भएर कविताको किताब पनि किनिदिनुभयो।

परीक्षकले विद्यार्थीलाई दिने निर्देशन।

यहाँ “ एउटा सानो कथा छ। म तिमीलाई यो कथा पढ्न दिन्छु। तिमीले ठुलो स्वरमा ध्यानपूर्वक छिटो पढ है। तिमीले पढिसकेपछि म तिमीलाई त्यही कथासँग सम्बन्धित केही प्रश्नहरू सोध्ने छु। जब म सुरु गर्न भन्छु त्यसपछि तिमी कथा पढ्न सुरु गर। यदि कथा पढ्दा तिमीले नजानेको कुनै शब्द आएमा तिमी अर्को शब्द पढ्न सक्छौ। तिम्रो औँला पहिलो शब्दमा राख त। राख्यौ ? राख्यौ भने ल अब पढ्न सुरु गर। सुरु।

उमा विद्यालयबाट घर फर्किँदै थिइन्। उनले पसलमा मानिसहरूको भिड देखिन्। भिडमा साथीहरूले बालकथाको किताब किनेको देखिन्। उमा घरमा पुगिन्। उनले आमालाई बालकथाको किताब किनिदिन भनिन्। आमाले किताब किनिदिनुभयो। उमाले किताबका धेरै कथा पढेर आमालाई सुनाइन्। शुक्रवार विद्यालयमा कथा भन्ने प्रतियोगिता भयो। त्यो प्रतियोगितामा उमा प्रथम भइन्। उमाले आफूप्रथम भएको कुरा आमालाई सुनाइन्। आमाले खुसी भएर कविताको किताब पनि किनिदिनुभयो।

(अ) यदि विद्यार्थीले सङ्कोच मानेमा वा एउटै शब्दमा तीन सेकेन्डसम्म पढ्न रोकिएमा अर्को शब्दमा जान सङ्केत गर्नुहोस्।

(आ) यदि विद्यार्थीले पाठको पहिलो हरफबाट कुनै पनि शब्दहरू सही रूपमा नपढेमा बोधसँग सम्बन्धित कुनै पनि प्रश्नहरू नसोध्नुहोला।

(इ) यदि विद्यार्थीले आफूले नजानेको बताएमा त्यसलाई उत्तर नदिएको भनी चिनो लगाउनुहोस्।

**(ख) पठनबोधका लागि परीक्षकलाई निर्देशन**

विद्यार्थीले कथा पढिसकेपछि उसलाई दिइएको अनुच्छेदको पाना आफूले फिर्ता लिनुहोस्। अनिमात्र विद्यार्थीलाई उसले पढेको कथासँग सम्बन्धित प्रश्नहरू मात्र सोध्नुहोस्। प्रश्न सोध्दा विद्यार्थीले पूर्ण रूपमा ध्यान दिएको अवस्था यकिन गरी सोध्नुहोस्। तर प्रश्न नदोहोर्‍याउनुहोस्।

यदि विद्यार्थीले१०सेकेन्डसम्म पनि सोधिएको प्रश्नको उत्तर नदिएमा उत्तर नदिएको भनी चिनो कोमहलमा टिक लगाउनुहोस्। त्यसपछि अर्को प्रश्न सोध्नुहोस्। प्रश्नको जवाफ कस्तो सही हो भन्ने प्रश्नको तल सम्भावित विकल्पसमेत दिइएको छ। त्यसमा थप गरेर अझ पूर्ण जवाफ दिएमा वा त्यसको मर्म राम्ररी बुझिने गरी अरू जवाफ पनि सही मान्न सकिने छ।

अब म तिमीलाई तिमीले भर्खर पढेको कथाबाट केही प्रश्नहरू सोध्ने छु। प्रश्नहरूको उत्तर सकेसम्म सहीसँग दिने प्रयास गर।

**तालिका १२**

*बोध परीक्षणका लागि प्रश्नावली*

| प्रश्नहरू | ठिक ( ) | बेठिक (O) | उत्तर नदिएको (◆) |
|---|---|---|---|
| १) उमा कहाँबाट घर फर्किंदै थिइन् ?<br>उत्तर — विद्यालयबाट | | | |
| २) उमाले पसल अगाडि के देखिन् ?<br>उत्तर—भिड। कथाको किताब किन्दै गरेको भिड। | | | |
| ३) उमाका साथीहरूले के किनेका थिए ?<br>उत्तर बाल कथाको किताब | | | |
| ४) उमाले घरमा पुगेर आमालाई के गर्न भनिन् ?<br>उत्तर– कथाको किताब किनिदिन | | | |
| ५) उमाको आमाले उमाले गर्न भनेको कुरा मान्नुभयो त ?<br>उत्तर– अँ . मान्नुभयो। | | | |
| ६) उसो भए उमाको आमाले के गर्नुभयो ?<br>उत्तर – पुस्तक किनेर ल्याइदिनुभयो।कथाको किताब किनिदिनुभयो। | | | |
| ७) उमाले कथा पढेर कसलाई सुनाइन् ?<br>उत्तर आमालाई।आफ्नी आमालाई। | | | |
| ८) उमाको विद्यालयमा केको प्रतियोगिता भयो ?<br>उत्तर – कथा वाचन | | | |
| ९) विद्यालयमा भएको प्रतियोगितामा उमा के भइन् ?<br>उत्तर– प्रथम | | | |
| १०) आमाले उमालाई किन अर्को किताब किनिदिनुभयो ?<br>उत्तर – उमा प्रथम भएकीले। | | | |